## विज्ञान तथा प्रविधि नीति, २०६१ को परीक्षण

# प्रतिवेदन

२०७४

# विषय सूचि


| क्र.सं. | विषय | पेज नं |
|---|---|---|
| 1 | परिच्छेद 1 | 1 |
| 2 | परिच्छेद २ | ६ |
| 3 | परिच्छेद ३ | 28 |

## १.१ पृष्ठभूमि

नेपालमा कार्यान्वयनमा रहेका सार्वजनिक नीतिहरुको प्रभाव अध्ययन गर्ने कार्यक्रम अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यस वर्ष विभिन्न नीतिहरुको परीक्षण गर्ने क्रममा यो "विज्ञान तथा प्रविधि नीति 2061" पनि छनौट भइ परीक्षण गर्ने कार्य भएको हो ।

राष्ट्रको सर्वाङ्गीण विकासका लागि विज्ञान तथा प्रविधिको विकास र उपयोगको महत्वपूर्ण भूमिका रहन्छ । विश्वमा विकशित राष्ट्रहरुको विकासको मुल आधार नै समय सापेक्ष प्रविधिको विकास र सही रुपमा अवलम्वन नै रहेको पाइन्छ । जहाँ विज्ञान र प्रविधिको विकास प्रवर्द्धन र उपयोग भएको छ त्यहाँको विकासको दर उच्च रहदै राष्ट्रमा अमन चैन सहित समुन्नत पनि भएको छ । नेपालको हकमा समय सापेक्ष र जनताको समस्या सामाधान गर्न सक्ने किसिमले विज्ञान र प्रविधिको विकास र प्रयोग हुन सकिरहेको छैन् । त्यती मात्र होइन राज्यको सर्वाङ्गिण विकासको गतिलाई तिव्रता दिन, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा उपलब्ध ज्ञान, विज्ञान, र प्रविधिको समुचित उपयोग गर्न सक्ने क्षमताको समेत बृद्धि गर्नु जरुरी देखिन्छ ।

विज्ञान र प्रविधि क्षेत्रमा स्वदेशको मौलिक र उपयुक्त प्रविधि र विश्वका प्राप्त हुने विज्ञान र प्रविधिक अवसरलाई राज्यको आवश्यकता र उपयुक्तताको आधारमा ग्रहण, उपयोग र प्रवर्द्धन गर्नका लागि सरकारले व्यवस्थित नीति तयार गरी अनुसरण गर्न जरुरी हुन्छ । यसै कुरालाई मन गर्दै २०४६ सालमा नेपालमा पहिलो विज्ञान प्रविधि नीतिको रुपमा राष्ट्रिय विज्ञान तथा प्रविधि नीति, २०४६ तयार गरी कार्यान्वयनमा ल्याइएको थियो त्यस अनुरुप विज्ञान तथा प्रविधिको क्षेत्रको विकासको लागि २०४९ सालमा तत्कालिन शाही नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना भई कार्यरत रहेकोमा कानूनी रुपमा २०५९ सालमा शाही नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन, २०५९ आई हाल सोही अन्तर्गत क्रियाशिल रहेको छ ।

सयमको माग विश्वमा देखिएको परिवर्तन र प्रतिस्पर्धात्मक अवस्थालाई ध्यानमा राखी २०४६ सालको राष्ट्रिय विज्ञान तथा प्रविधि नीतिलाई खारेज गरी नयाँ दृष्टिकोण आवश्यकता उद्देश्यका साथमा विज्ञान तथा प्रविधि नीति, २०६१ नेपाल सरकारले तयार गरी कार्यान्वनयमा ल्याएको छ । यो नीति कार्यान्वनयमा आएको पनि करिव १२ वर्ष भै सकेको छ । नीतिले राखेको उद्देश्य पूर्ति कति हदसम्म भयो यसका विविध विषयको सान्दर्भिकताको विवय सहित नीति परिक्षण

गर्न आवश्यक देखिदा र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको यो कार्य उपयुक्त र उपयोगी हुने करामा दुईमत रहदैन ।

## 1.2 <u>नीति परीक्षणको उद्देश्य</u>

विज्ञान तथा प्रविधि नीति, २०४६ लाई खारेज गरी तत्कालीन आवश्यकता र परिवेशलाई ध्यानमा राखी विज्ञान तथा प्रविधि नीति, २०६१ निर्माण गरी कार्यन्वयनमा ल्याइएको थियो । कुनै पनि नीति निर्माण गरेर मात्र पुग्दैन त्यसको अर्थपूर्ण र प्रभावकारी कार्यान्वनयमा नै महत्वपूर्ण कुरा हो तसर्थ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले हाल नेपालमा लागू भै रहेको केही नीतिहरुको परीक्षण गर्ने आवश्यकता महसुस गरी यो विज्ञान तथा प्रविधि नीति, २०६१ को पनि परीक्षण गर्न लागिएको हो । यो नीति परिक्षणको उद्देश्य निम्नानुसार रहेका छनः-

क. नीतिले राखेका दुरदृष्टि, लक्ष्य तथा उद्देश्य परिपूर्तिमा नीति कार्यान्वयनमा संलग्न निकायहरु कति सफल भएका छन् र नीतिको पूर्ण सफलताको लागि के कस्ता बाधाहरु रहे र कस्तो तरिकाले ति बाधा हटाउन सकिन्छ भन्ने कुराको विश्लेषण गर्नु नीति परीक्षणको प्रमुख उद्देश्य रहेको छ।

ख. नीति निर्माणको अवस्थामा नीतिमा उल्लेखित र अन्तरनिहित विषयहरुको सान्दर्भिकता र परिमार्जनको सम्वन्धमा विश्लेषण गर्नु दोश्रो उद्देश्यको रुपमा लिइएको छ ।

ग. नीति कार्यान्विन गर्ने निकायहरुले नीति प्रति गरेको व्यवहार र प्राप्त उपलब्धिको लेखाजोखा गर्नु पनि नीति परिक्षणको उद्देश्य रहेको छ ।

## 1.3. नीति परीक्षणको क्षेत्र र अध्ययन प्रक्रियाः

प्रस्तुत नीति परीक्षण गर्ने क्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयार गरेको कार्य विवरण Terms of Reference लाई नै प्रमुख क्षेत्रको रुपमा लिइएको छ । यो विज्ञान तथा प्रविधि नीति, 2061 को कार्यान्वनयको प्रमुख जिम्मेवार निकाय भनेको विज्ञान तथा प्रविधि मन्त्रालय नै हो । केही रणनीति तथा कार्यनीति कार्यान्वयनको सोझै जिम्मेवार निकाय यहि नै हो भन्ने केही रणनीति र कार्यनीति कार्यान्वयनमा अर्थपूर्ण समन्वायिक निकायको रुपमा पनि यही मन्त्रालय जिम्मेवार रहने मान्यतामा प्रस्तुत परिक्षणको क्षेत्र कायम गरिएको छ । विज्ञान

तथा प्रविधि तथा अध्ययन र अनुसन्धानको विषय सम्वद्ध विकासको अन्तरनिकाय सम्वन्धित मुद्दा (Cross Cutting Issues) हो तापनि नीतिले प्रमुखत यसै मन्त्रालयलाई जिम्मेवार निकाय बनाएको हुँदा यस मन्त्रालयले निर्माण गरेका योजना कार्यक्रम तथा यस मन्त्रालय अन्तर्गतका निकायहरुले गरेका निर्माण र कार्यक्रमकै आधारमा नीति कार्यान्वनयको मूल्यांकन गरिएकोछ ।

## 1.4 नीति अध्ययनको प्रक्रिया

नीति परीक्षण प्रक्रियामा नीतिले राखेको दूरदृष्टि, उद्देश्य, लक्ष्य, रणनीति र कार्यनीति सम्वद्ध निकायले आफ्नो कार्यक्रमहरुमा कसरी प्रतिविम्वित गरेका छन् भनी निदान र मिडान गरिने छ । नीतिमा उल्लेखित कुराहरुलाई कसरी तत् निकायले कार्यान्वनयमा ल्याएका छन्- खासगरी वार्षिक कार्यक्रम तथा आवधिक योजनाहरुले कसरी समेटेका छन् भनि परीक्षण प्रक्रिया र विधिका सम्वन्धमा विद्वानहरुले विभिन्न उपायहरु प्रस्तुत गरेका साहित्य अध्ययन literature Review गरे पश्चात पनि जानकारी पाँउछौ । यहाँ विद्वान R.K.Supru ले उल्लेख गरेका नीति मूल्याँकनका आधारहरु लाई नै मुख्य केन्द्र विन्दुमा राखी यो परिक्षण गरिएको छ । अर्थात तिनै आधारलाई परीक्षण प्रकृयाको रुपमा ग्रहण गरिएको तथा प्राप्त कार्यविवरण (TOR) दुवैलाई आधार मानिएको छ ।

नीति परीक्षणको क्रममा नीति, आवधिक, योजना, वार्षिक बजेट तथा कार्यक्रम नीतिगत समितिहरुको वैठकको निर्णय, मन्त्रालय र सम्वद्ध निकायको प्रगति विवरण तथा प्रकाशित सामग्री अध्ययन मन्त्रालयका सम्वद्ध पदाधिकारीहरु र सरोकारवालासंग छलफल लगायत नीति मूल्याँकन सम्वन्धी विद्वानहरुका धारण अध्ययन गर्ने जस्ता कार्यहरु गरिएको ।

## 1.5 नीति परिक्षण गर्दा अपनाइएको मोडुल

नीति परीक्षण गर्ने सम्वन्धमा धेरै तरिका र मोडुलहरु सम्वन्धमा विभिन्न विद्वानहरुले व्याख्या गरेका छन् । नीतिको स्वरुप श्रोत र महत्वका आधारमा यसको परीक्षण गर्नुपर्ने हुँदा विज्ञान तथा प्रविधि

नीति, २०६१ को परीक्षण गर्न विद्वान आर के सप्रुले व्याख्या गरेको आधारमा गर्ने प्रयास गरिएको छ । यस अन्तर्गत नीतिको, प्रभावकारीता, दक्षता, प्रर्याप्तता, समता तथा उपयुक्तताको मापदण्डलाई ग्रहण गरिएकोछ ।

## १.६ नीति परीक्षणका सिमाहरु

यो नीति परिक्षण केवल कार्यान्वयन एंव समन्वय र सहजकर्ताको जिम्मेवारी भएको मन्त्रालयको क्रियाकलापको अध्ययन मात्रले पूर्ण तस्विर नआई, विज्ञान र प्रविधिको क्षेत्रमा संलग्न अन्यसरकारी, अर्ध सरकारी निकायका साथै निजि क्षेत्रबाट सम्पादित नीति कार्यान्वयनको कार्य समेतलाई समेटनु पर्ने हो तर यहाँ मन्त्रालयको प्रगति र नाष्टको प्रगतिलाई मात्र हेर्न सकिएको छ । त्यसै गरी अनुसन्धान र विकास Research and Development मा सलग्न अन्य निकायहरुबाट सम्पादित कार्यहरु पनि यस अध्ययनको विश्लेषण गर्न नसकिएको अवस्था छ । यसै गरी खासमा सम्वद्ध निकायको प्रतिक्रिया उपलब्धीको लागत अध्ययन गरी प्रभावकारीता र दक्षताको अध्ययनमा पनि जान सिकाएको छैन । वास्तवमा नीतिको परीक्षण हेर्ने लाभ लागत Cost Benefit को अध्ययन पनि हुनु जरुरी छ तर प्रस्तुत अध्ययनमा यो परीक्षणको आधारमा लिइएको छैन ।

# परिच्छेद-दुई

## 2.1.1 विज्ञान तथा प्रविधि नीतिले प्रस्ताव गरेको प्रमुख प्रावधानहरु

विज्ञान तथा प्रविधि नीति, २०६१ ल्याउनुको मूल उद्देश्यमा विज्ञान तथा प्रविधिको अनुसन्धान तथा विकास शिक्षण प्रशिक्षण व्यवस्थापन सेवा प्रदान गर्ने कार्यमा संलग्न निकायहरुको कृयाकलापलाई समन्वयात्मक ढगबाट अघि बढाई राष्ट्रिय लक्ष्य हासिल गर्ने रहेको छ । यस नीतिमा उल्लेखनीय प्रावधानहरु निम्नानुसार छन् (तुलना गर्न सहज हुने भएकोले)

क) दुरदृष्टी (vision) मा विज्ञान तथा प्रविधिको समुचित विकास तथा प्रयोग गरी जनताको जीवनस्तर उकास्न प्रयोग गर्दै समुन्नत राष्ट्र बनाउने

ख) यसका २ वटा उद्देश्य रहेकोमा पहिलो, विज्ञान तथा प्रविधिको क्षेत्रमा ज्ञान, सीप र क्षमताको विकास गर्ने र दोश्रो उद्देश्यमा राष्ट्रिय श्रोतको दिगो उपयोग विज्ञान र प्रविधिको माध्यमबाट गरी जनतालाई सेवा दिने रहेको छ ।

ग) यसै गरी १६ वटा नीतिहरु ८ वटा रणनीतिहरु र २४ वटा कार्यनीतिहरुको व्याख्या गरेको छ । त्यसै गरी सस्थागत रुपमा नीति कार्यान्वनयको लागि एउटा सयन्त्रको पनि व्याख्या गरेको छ । यसै गरी नीतिले कार्यान्वयनको लागि केही औजार (ऐन, नियम, निर्देशिका) बनाउने व्यवस्थापनि गरेको छ । साथै विज्ञान तथा प्रविधि मन्त्रालयलाई एउटा विज्ञान प्रविधि क्षेत्रको नियमन निकायको रुपमा भूमिका निर्वाह गर्ने निकायको रुपमा स्थापित गरेको छ ।

## 2.1.2 नीति रणनीति कार्यनीति तथा क्रियाकलपाहरु (नीतिमा उल्लेखित)

नीतिमा उल्लेख भए अनुसार दुरदृष्टि लक्ष्यहरुका सम्वन्धमा उल्लेख गरियो यसका अतिरिक्त नीतिले परिलक्षित गरेका संस्थागत व्यवस्था कार्यनीति तथा क्रियाकलाप निम्नानुसार रहेका छन् ।

क. विज्ञान तथा प्रविधि क्षेत्रको अल्पकालीन तथा दीर्घकालीन अवधारणा तयार गरी सो को आधारमा योजना तर्जुमा कार्यान्वयन मूंल्याकन प्रभावकारी रुपमा गरिने व्यवस्था उल्लेख छ ।

ख. श्रोत साधनको अधिकतम उपयोग गर्न कृषि, वन, जलश्रोत, शिक्षा, स्वास्थ्य उद्योग, वातावरण सुचना प्रविधि इन्जिनियरिङ्ग, जैविक प्रविधि, आन्तरिक्ष प्रविधि, परमाणु विज्ञान, खगोल विज्ञान आदी क्षेत्रमा हुने अध्ययन अनुसन्धान विकास तथा प्रशिक्षण कार्यहरु समन्वयात्मक एव प्रभावकारी रुपमा संचालन गर्ने ।

ग. क्षेत्रीय र स्थानीय स्तरमा आवश्यक संस्थागत विकासमाजोड दिने ।

घ. सन्दर्भ प्रयोगशाला Reference Laboratory को विकास गरिने र केन्द्रीय प्रयोगशाला Central Laboratory को विकास गरिनेछ ।

ङ. विश्वविद्यालयहरु र विश्वविद्यालय अनुदान आयोगसंग समन्वयगरी विज्ञान र प्रविधि शिक्षाको गुणस्तरता सुधार र समयानुकुल विषय समावेश गरी उच्चस्तरीय जनशक्ति उत्पादन गर्ने ।

च. विज्ञान तथा प्रविधि सेवा छुट्टै गठन गरिने छ ।

छ. प्रतिभा पलायन रोक्न वातावरण तयार गरिने छ ।

ज. युवा वैज्ञानिक प्रतिभा लाई विज्ञान तथा प्रविधिको अध्ययन अनुसन्धान र विकासमा लागि वृत्ति विकासको अवसर दिने ।

झ. विज्ञान तथा प्रविधि सग सम्वद्ध उत्कृष्ट सघ सस्था वैज्ञानिक एव प्राविधिकहरुलाई कदर एव पुरस्कृत गर्ने ।

ञ. विज्ञान तथा प्रविधि क्षेत्रमा हुने अनुसन्धान तथा विकास कार्यलाई एकिकृत गरी राष्ट्रिय उद्देश्य अनुरुप परिचालन गर्ने ।

ट. अनुसन्धान तथा विकास कार्यलाई प्राज्ञिक सरकारी एव निजी संयुक्त सहभागितालाई प्रोत्साहन गर्न ।

ठ. विदेशी संस्थाले नेपालमा आई अध्ययन अनुसन्धान गर्दा नेपालको सम्वन्धित निकाय समेत अनिवार्य रुपमा सलग्न हुनु पर्ने गरी व्यावस्था मिलाउने ।

ड प्रतिस्पर्धात्मक अनुसन्धान प्रणाली विकास गर्ने ।

ढ क्षेत्रगत कार्यनीति कार्यान्वयनको समन्वयगरी जानकारी राख्ने ।

ण वैज्ञानिक सूचना तथ्याङ्कको एकिकृत व्यवस्थाको लागि केन्द्रिय तथ्याङ्क केन्द्रको रुपमा सम्वन्धित निकायलाई विकसित गर्ने ।

त. विज्ञान र प्रविधि केन्द्रिय पुस्तकालय खडा गरी अनुसन्धान कृतिहरुको एकीकृत अभिलेख राख्ने संस्थागत व्यवस्था गरिनेछ ।

थ. समन्वय कार्य गर्नका लागि संरचना विकास गरिनेछ ।

द विज्ञान र प्रविधि विकास कोष स्थापना गरिनेछ ।

ध राष्ट्रिय विज्ञान तथा प्रविधि परिषद् गठन गरिनेछ ।

न यो नीति कार्यान्विनयन र उद्देश्य प्राप्तिका लागि विज्ञान तथा प्रविधि मन्त्रालयले सहजकर्ता र प्रवर्द्धन र निर्णयकारी भूमिका निर्वाह गर्नेछ ।

प. आवश्यकतानुसार ऐन नियम र निर्देशिका वनाइनुका साथै बौद्धिक सम्पत्ति संरचनाको लागि कानून बनाइनेछ ।

फ. विज्ञान तथा प्रविधिसंग सम्वन्धित संघ संस्थाहरु संवन्धित निकायमा दर्ता गर्दा विज्ञान प्रविधि मन्त्रालयको स्विकृत लिनु पर्नेछ ।

## २.२. नीति, आवधिक योजना र वार्षिक कार्यक्रम विचको तादम्यता

कुनै पनि क्षेत्रलाई दीर्घकालमा कस्तो स्वरुपमा देखिने हो भनी समष्टिगत दीर्घकालीन योजना नै नीति हो र यसले परिकल्पना गरेको दृष्टि लक्ष्य र उद्देश्य प्राप्तिका लागि रणनीति कार्यनीति संयन्त्र तथा संस्थागत तथा मूल्याँकन अनुगमनको समुच्च व्याख्या गरिएको हुन्छ । यस अनुसार विज्ञान तथा प्रविधि नीति २०६१ मा पनि नीतिको दुरदृष्टि (Vision) लक्ष्य (Goal) तथा उद्देश्यहरु

(Objectives)को उल्लेख गरिनुका साथै ति विषय प्राप्तीका लागि कार्यनीति तथा रणनीतिहरु पनि बनाएको पनि छ ।साथै कार्यान्वयन र समन्वयको लागि सयन्त्रको व्यवस्था पनि गरेको छ । नीतिको वास्तविक कार्यान्वयन गर्नाका लागि अल्पकालिन तथा दीर्घकालिन अवधारणा (सोच) बनाई त्यस्तालाई राष्ट्रिय आवधिक योजनाहरुले प्रष्टरुपमा अगिकार र उजागर गर्नु जरुरी हुन्छ । नेपालको सन्दर्भमा विज्ञान तथा प्रविधि नीति २०६१ आइसके पछि आवधिक योजना निम्नानुसार तयार भएका छन् ।

| | |
|---|---|
| क. दशौं पञ्चवर्षिय योजना विच अवधि | 2058-2062/63 |
| ख. त्रिवर्षिय अन्तरिम योजना | 2063/64-2065/66 |
| ग. त्रिवर्षिय योजना | 2067/68-2069/70 |
| घ. तेह्रो योजना | 2070/71-2072/73 |

उक्त आवधिक योजनाहरुमा उल्लेख भएका दुरदृष्टि तथा लक्ष्य र उद्देश्यहरुको संक्षिप्त व्यहोरा निम्नानुसार छन् ।

**क. दशै पञ्चवर्षिय योजना**

विज्ञान तथा प्रविधिको दिगो विकास र उपयोगद्वारा नेपाली जनताको जीवनस्तर बढाउने तथा विज्ञान तथा प्रविधि क्षेत्रको (भौतिक, मानविय) को उपयोगद्वारा राष्ट्रिय उत्पादन र उत्पादकत्व वृद्धि गर्न दुरदृष्टि र उद्देश्य रहेको छ । त्यसैगरी उक्त कार्य गर्नका लागि निर्धारित कार्यनीति तथा कार्यक्रमहरुमा यस क्षेत्रमा थप पूर्वधार र संस्थाहरुको विकास र स्थापना गर्ने, यो क्षेत्रमा नीजि क्षेत्रलाई परिचालन र संलग्न गराउने अनुसन्धान र विकास का लागि समन्वय संयन्त्रको स्थापना गर्ने, राष्ट्रिय श्रोतको दीगो रुपमा उपयोग गर्ने,विज्ञान तथा प्रविधि क्षेत्रको उच्च शिक्षाको पाठ्यक्रम आवश्यकता र समय सापेक्ष बनाउने, जलतथा मौसम विज्ञानको विकास र विस्तार गर्ने रहेको छन् । यि नीतिका साथै कार्यक्रमहरु विज्ञान र प्रविधि उचित र उपयोगी व्यवस्थापन गर्न मानवश्रोत विकास गर्ने अध्ययन अनुसन्धानको प्रवद्धन गर्ने स्थानीय श्रोत साधनको उपयुक्त प्रविधि तथा उच्च प्रविधि अवलम्वन गर्ने विज्ञान प्रविधिको वेग्लै सेवा बनाउने, विज्ञानको

महत्वमा जनचेतना विकास गरिने आदि रहेका छन् तर यसको गणितीय आकलन र उपलब्ध मापन गर्ने परिपाटी भने मन्त्रालयमा छैन र खास प्रगति पनि भएको छैन ।

## ख. तीनवर्षे आन्तरिम योजना

यस योजनाको पनि दुरदृष्टिमा दिगो रुपमा उपयुक्त विज्ञान तथा प्रविधिको अनुसन्धान विकास सुधार विस्तार तथा प्रयोगद्वारा नेपाली जनताको जीवनस्तर उत्थान गर्ने रहेको र उत्पादन र उत्पादकत्व विकास गर्ने नै रहेको छ । उद्देश्यको रुपमा राष्ट्रिय उद्देश्य पूर्तिमा यो क्षेत्रलाई पनि प्रवाह गर्ने सस्थागत सुदृढिकरण प्रतिस्पर्धात्मक क्षमता बृद्धि गरिने रहेको छ । यसका प्रमुख कार्यक्षेत्रहरमा नीति निर्माण तथा संस्थागत सुदृढीकरण (वैज्ञानिक प्रोत्साहन, स्थानीय प्रविधि प्रवर्द्धन जनचेतना आदि) विभिन्न वैज्ञानिक अनुसन्धान अध्ययन र जलवायु परिवर्तन, रेडियो धर्मी परमाणु जौविक आदि) अन्तर्राष्ट्रिय सहयोग सम्वन्ध जल तथा मौसम विज्ञान सम्वन्धि, विधि विज्ञान तथा प्लानिटोरियम तथा अब्जरभेटरी सम्वन्धी कुरा उल्लेखित छन् तर प्रगति भने नगन्य छ ।

## ग. त्रिवर्षिय योजना

यस त्रिवर्षिय योजनामा पनि विज्ञान प्रविधि क्षेत्रको उचित विकास अनुसन्धान र उपयोग द्वारा गरिवि न्यूनिकरण वातावरण संरक्षण प्राकृतिक विपत्ति जोखिम न्यूनीकरण रोजगार वृद्धि गरी नेपाली जनताको जीवनस्तर उकास्ने कुरालाई परिलक्षित गरिएको छ । यस्का रणनीति तथा कार्यक्रमहरुमा विज्ञान तथा प्रविधि क्षेत्र (सूचना प्रविधि सहित) लाई अनुसन्धान र विकासमा टेवा दिने, स्थानीय प्रविधि प्रवर्द्धन गर्न उपयुक्त र स्वीकृत प्रविधिको उपयोग द्वारा आय रोजगारीमा बृद्धि गर्ने, नीजि साझेदारी विकास गर्ने, प्राविधिक सूचना सर्वसाधरणमा सहजरुपमा उपलब्ध गराउने कानूनी र संस्थागत विकास गर्ने यो क्षेत्रसंग सम्वन्धित निकायलाई यसै भित्र ल्याउने जस्ता कार्य तथा रणनीति रहेका थिए तर प्रगति तर्फ हेर्दा निराशाजनक रहेका छन् ।

## घ. तेह्रौं योजना

यो योजनाको सोचमा विज्ञान तथा प्रविधिको अनुसन्धान  विकास र प्रयोगलाई सामाजिक आर्थिक  विकासका पक्षसंग आवद्ध रहेको थियो । यसका रणनीतिहरुमा, बैज्ञानिक ज्ञानको अभिवृद्धि तथा प्रर्वद्धन गरी यस क्षेत्रको विकास गर्ने तथा वैज्ञानिक तथा प्राविधिकहरुको क्षमता विकासमा जोड दिने रहेको थियो । यस्का लागि वैज्ञानिक तथा प्राविधिकहरुलाईदेशमा आकर्षण गर्न विशेष कार्यक्रम संचालन गर्ने, राष्ट्रिय सुरक्षामा यस क्षेत्रको महत्व दिने प्रविधि आयत र अनुसन्धान प्रवर्द्धन गरिने अनुसन्धान र विकासका लागि स्वदेशी औद्योगिक प्रतिष्ठानहरुलाई प्रोत्साहन गर्ने परमाणु प्रविधि,  अन्तरिक्ष प्रविधि, जैविक प्रविधि तथा नानो प्रविधिहरुको विकास र उपयोगका लागि व्यवस्था गर्ने, स्वदेशी श्रोत (जडिवुटि अतिसुक्ष्म प्रविधि) को उपयोग विकास मा जोड दिने, दैविक प्रकोप जलवायु परिवर्तन प्रभाव न्यूनिकरणको सुमुचित व्यवस्थापन गर्ने रहेको थिए । यस योजनाले राखेको कार्यहरुमा जैविक विविधता अध्ययन अनुसन्धान, मल्युकुलर वायोटेकनोलोजी अध्ययन अनुसन्धान नेचुरल अनुसन्धान, जलवायु तर वातावरण अनुसन्धान भौतिक विज्ञान सम्वन्धी अध्ययन, वस्तु विज्ञान तथा नानोटेक्नोलोजी अनुसन्धान, सौर्य उर्जा प्रविधि, वायु उर्जा अनुसन्धान, इस्टुमेन्टेशन सेन्टर स्थापना, प्राकृतिक प्रकोप व्यवस्थापन र न्यूनीकरण केन्द्र स्थापना, वैद्धिक सम्पत्ति अधिकार व्यवस्था विज्ञान प्रयोगशालाको क्षमता अभिवृद्धि र विज्ञान संग्रहालय स्थापना जस्ता रहेको थिए । तर उल्लेखित कार्यमा नगन्य कार्यक्रमहरु मात्र सुरु भएको र अरु कुनै काम भएको छैन ।

माथि उल्लेखित ४ वटा आवशधिक योजना विच विज्ञान र प्रविधि क्षेत्रको विकासमा क्रमवल र निरन्तरताको सोच रहेको भने पाइदैन । नीतिले परिकल्पना गरेको विषयलाई अवधारणागत र कार्यकारी रुपमा प्रतिविम्वित हुनु पर्ने आवधिक योजनाहरुमा परेको एकरुपता र निरन्तरता छैन । एक योजना र अर्को योजना वीचको तादम्यता र आवधिक योजना र नीति विचको तादम्यता मिलेको छैन र योजना निर्माण गर्दा नीतिलाई पूर्णरुपले ग्रहण र आत्मासात गरेको अनुभूत छैन ।

नीतिमा उल्लेखित विषयलाई आवधिक योजनाले र आवधिक योजनामा उल्लेखित कुरालाइ वार्षिक कार्यक्रममा स्पष्ट समावेश गरी कार्यान्वयन भएमा नीतिको प्रभावकारी कार्यान्वयन भएको मात्र सकिन्थ्यो । नीति कार्यान्वनयको प्रमुख जिम्मेवार निकाय विज्ञान तथा प्रविधि मन्त्रालयको अस्थिर संचालन संरचनाका कारणले गर्दा उक्त अवधिमा सो कार्यक्रमहरुको

अभिलेख उक्त मन्त्रालयमा रहेको पनि छैन । पछिल्लो पटक मन्त्रालयको पूनर्गठन भए पछिका वर्षहरुमा तयार गरिएको वार्षिक कार्यक्रमहरुलाई हेर्दा जैविक विविधता तथा वातावरण सम्वन्धी गोष्टी वि.पि कोइराल प्लानेटोरियम तथा अब्जरभेटरी तथा विज्ञान संग्राहालय भवन निर्माण 2071/72 मा, विज्ञान विषयमा सर्वोत्तम अंक ल्याउने प्रवशिका परीक्षामा विद्यार्थीलाई पुरस्कार प्रदान, विज्ञान दिवस मनाउने, फिजिक्स ओलम्पीयाडमा सहभागी हुनेलाई सहयोग विभिन्न क्षेत्रमा विज्ञान अध्ययन केन्द्र स्थापना गर्न सहयोग तथा विज्ञान प्रयोगशाला स्थापनामा सहयोग गर्ने  विद्यालयहरुलाई गरेको पाइन्छ । मन्त्रालय अन्तर्गत विज्ञान र प्रविधिसंग सम्वन्धित परमाणु उप सिमित, नानो अध्ययन उप समिति, जैविक विविधता उप समिति अन्तरिक्ष (खगोल) उप समितिहरु गठन भएका छन् तर काम के गरेका छन् भने अभिलेख छैन ।त्यसै गरी यस अवधिमा नेपाल अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सी IAEA को सदस्य भै सो एजेन्सीले आयोजना गरेको गोष्टि तथा सहकार्यमा विभिन्न सम्वन्धित निकायहरुमा स-साना आयोजनाहरु पनि संचालन गरि रहेकोछ। नेपाल र अन्य देशका वैज्ञानिकहरुको भ्रमण आदान प्रदान पनि यस अवधिमा भएको छ ।

आणविक कानून Nuclear law  निर्माण को अन्तिम चरणमा रहेको छ मौलिक प्रविधिको अनुसन्धान प्रवद्धनका लागि स्थानीय घरेलु विकास समितिसंग मिलि प्रर्दशन संचालन तथा स्वतः स्फूर्त अनुसन्धानकर्तालाई प्रोत्साहन आदी कार्य गरेकोछ ।

विज्ञान तथा प्रविधि नीति कार्यान्वयनको अर्को महत्वपूर्ण निकाय नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानको वार्षिक कार्यहरु हेर्दा, विभिन्न वैज्ञानिक अध्ययन सोधवृत्ति प्रदान, विभिन्न वैज्ञानिकहरुलाई पुरस्कार वितरण, अन्तर्राष्ट्रिय निकायहरुसंग अध्ययन अनुसन्धान संयुक्त कार्य, श्रव्य दृश्य प्रचार प्रसार पुस्तकालय विद्युतिय सूचना प्रणाली संचालन विज्ञान मेला लगायत चेतना कार्यक्रम, प्राकृतिक प्रकोप न्यूनिकरण अध्ययन, वायु उर्जा अनुसन्धान जैविक उर्जा अनुसन्धान वस्तु विज्ञान तथा अतिसुक्ष्म प्रविधि अनुसन्धान (Martial Science and Nanotechnology, EV-K@ GNR)योजना संचालन फ्लोरा अफ नेपाल कार्यक्रम सञ्चालन भौतिक विज्ञान अनुसन्धान जलवायु परिवर्तन अनुसन्धान औषधि जन्य वस्तु अनुसन्धान अनुवांशिक जैविक प्रविधि कार्यक्रम जैविक श्रोत तयार आदी कार्यक्रम संचालन गरी रहेको देखिन्छ ।

त्यसै गरी वि.पि.कोइराला प्लेनेटोरीयम तथा अब्जरभेटरी निकायबाट पनि विज्ञानसंग्राहालय स्थापना र संचालन वेदशाल संचालन तथा खगोल विज्ञान अध्ययनका विद्यार्थीहरुलाई अनुसन्धान सहयोग विज्ञान अध्ययन अभिरुचि बढाउने कार्यक्रम विज्ञान सामग्री वितरण लगायतका कार्यक्रम संचालन गरी रहेको छ । विधि विज्ञान प्रयोगशालाले डि.एन.ए परीक्षण लगाएत अन्य कानूनी प्रमाणहरुको भौतिक तथा रासायनिक परिक्षण कार्य गरेको, मौसम विज्ञान विभागले पनि, जलवायू मौसम तथा तापक्रम आदीको गणना गर्न नदिन प्रविधि अगालेको प्रतिवेदन उल्लेख छ ।

यहाँ उल्लेख गर्नुपर्ने कुरा के छ भने विज्ञान तथा प्रविधि नीतिको लक्ष्य आवधिक योजनाहरुले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य मन्त्रालय र सम्वद्ध संस्थाहरुले वार्षिक रुपमा तयार गर्ने बजेट तथा कार्यक्रममा नत् निरन्तरता छ न तादम्यता नै छ । सवैले आ-आफ्नै किसिमले कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने गरेका छन् समन्वयकारी भूमिका निर्वाह गर्नु पर्ने विज्ञान तथा प्रविधि मन्त्रालय र राष्ट्रिय योजना आयोगको यहाँ कमजोरी नै देखिन्छ ।

## २.३. नीति कार्यान्वनय गर्ने प्रमुख निकाय र सहायक निकायहरु

नेपाल सरकारले विज्ञान तथा प्रविधि क्षेत्रमा के कस्तो नीति अवलम्वन गरी कस्तो उपलब्धीको अपेक्षा गरिएको थियो भन्ने सम्वन्धमा वेग्लै नीतिगत र संरचनागत सोचको थालनी तत्कालिन शाही नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान RONAST हाल नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको गठन मिति २०३९ साल मंसिर २० गते गरी विज्ञान तथा प्रविधिको क्षेत्रमा क्षेत्रगत कार्यारम्भ गरेको हो । तत् पश्चात २०४६ सालमा विज्ञान तथा प्रविधि नीति तर्जुमा गरी कार्यान्वनयनमा ल्याइएको हो । त्यस अघि सरकारको आवधिक योजनाहरुमा ससाना विज्ञान तथा प्रविधि सम्वन्धि बुँदागत कार्यक्रमहरु उल्लेख गरिने गरेको पाइन्छ । विज्ञान तथा प्रविधिको विकास र उपयोग विना देशको विकास द्रुतत्तर गतिमा हुन नसक्ने यसलाई राष्ट्रिय प्राथमिकता दिनका लागि संस्थागत व्यवस्था २०५३।२।२ मा एउटा वेग्लै विज्ञान तथा प्रविधि मन्त्रालय खडा गरियो । विज्ञान तथा प्रविधिको महत्वलाई मनन् गरी देशकाल परिस्थिति अनुरुपको विज्ञान तथा प्रविधि नीति २०६१ सालमा सरकारले प्रस्तुत गर्यो । २०६१ सालमा नै विज्ञान तथा प्रविधि मन्त्रालयलाई वातावरण मन्त्रालयमा गाभ्ने काम भयो । कार्यलाई स्पष्ट दिशा दिन पुनः २०६६।३।२९ मा वातावरण मन्त्रालय र विज्ञान तथा प्रविधि मन्त्रालय छुट्याएर वेग्लै विज्ञान तथा प्रविधि मन्त्रालय गठन गरियो । पुनः राजनैतिक र अन्य कारणले

२०६९।२।५ मा विज्ञान तथा प्रविधि मन्त्रालय र वातावरण मन्त्रालय गाभिन पुग्यो । पुनः मिति २०७२।९।९ मा उक्त दुवै मन्त्रालय छुटयाएर वेग्लै वेग्लै अस्तित्वमा कार्यरत छन् । मन्त्रालय गाभिनु वा छुट्टिनुको कुनै तर्क पूर्ण प्रतिउत्तर प्राप्त हुन भने सकेन । यसरी एउटा संगठन खडा हुन गाभिनु छुट्टिनु पुनःगरिनु बाट पर्ने समस्या हाल विज्ञान तथा प्रविधि मन्त्रालयले भोगी रहेको छ । जस्तो कि कुनै संस्थागत निर्णयका दस्तावेजहरु उपलब्ध गराउन नसक्नु संस्थागत स्मरणको अवस्था नहुनु निति तथा कार्यक्रमहरुमा सामन्जस्यता र नियमितता नहुनुका सथै मन्त्रालय अन्यौलमा रहने अवस्थामा रहेको छ ।

मन्त्रालय गठनको सुरुमा मन्त्रालय अन्तर्गत निम्न निकायहरु थिए

१ जलवायू तथा मौसम विज्ञान विभाग
२ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान
३ विधि विज्ञान प्रयोगशाला
४ राष्ट्रिय सूचना प्रविधि केन्द्र
५ उच्चस्तरीय सूचना प्रविधि आयोग
६ वि. पि. कोइराला प्लानेटोरियम अव्जरभेटरी तथा विज्ञान संग्राहालय
७ वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्र

हाल अन्तिम पटक २०७२।९।९ मा मन्त्रालय छुटिन पुग्दा निम्न क्रियाकलाप र निकायहरुमात्र यस मन्त्रालय अन्तर्गत रहन गएका छन्

१ सरकारी एकिकृत तथ्याङ्क केन्द्र सुचना प्रविधि केन्द्र
२ सूचना प्रविधि विभाग नयाँ गठन
३ प्रमाणिकरण नियन्त्रणको कार्यालय
४ विधि विज्ञान प्रयोगशाला
५ नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान
६ वि पि कोइराला प्लानेटोरियम अव्जरभेटरी तथा विज्ञान प्रयोगशाला

विज्ञान तथा प्रविधि नीति, २०६१ ले देखाएको उद्देश्य पुरा गर्न सम्वन्धित निकायहरुमा सरकारका क्षेत्रगत कार्यनीति कार्यान्वनय गर्ने निकायहरु Line Agenciesनिम्नानुसार रहेका देखिन्छ ।

१ कृषि विकास मन्त्रालय
२ पशुपन्छी विकास मन्त्रालय
३ उद्योग मन्त्रालय
४ जलश्रोत मन्त्रालय
५ वन मन्त्रालय
६ शिक्षा मन्त्रालय
७ वातावरण मन्त्रालय
८ स्वास्थ्य मन्त्रालय
९ वनस्पति विभाग
१० जल तथा शक्ति उर्जा आयोग
११ नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)
१२ स्वास्थ्य विज्ञान अनुसन्धान प्रतिष्ठान
१३ विश्वविद्यालय अनुदान आयोग
१४ विश्वविद्यालयहरु
१५ नीजी उद्योग प्रतिष्ठानहरु

यस वाहेक पनि नेपाल अनुसन्धान र अध्ययन गर्ने उद्देश्यले खडा भएका संस्था सरकारी गैरसरकारी वा निजी जुनसुकै भएपनि र उद्योग प्रतिष्ठानहरुको अनुसन्धान र विकास Research and Development प्रभाग वास्तवमा विज्ञान तथा प्रविधि नीति, २०६१ को कार्यान्वनय गर्ने निकाय हुन् । समग्रमा यी क्षेत्र र संस्थाहरुको समन्वयकारी तथा सहजकर्ताको भूमिका निर्वाह गर्नु पर्ने दायित्व भने नीतिले विज्ञान तथा प्रविधि मन्त्रालयलाई दिएको छ । तर मन्त्रालयको संगठनात्मक स्वरुप र क्रियाकलाप तथा कार्यक्रमले भने यो दायित्वलाई समेटने अवस्था प्रष्ट छैन ।

## २.४ नीति कार्यान्वनय गर्ने अन्तर निकाय विचको समन्वय

मन्त्रालयको संगठनात्मक स्वरुप उपलब्ध जनशक्ति तथा कार्यभारको दायरा लाई हेर्ने हो भने समन्वयात्मक भूमिका लगायत मन्त्रालयले निर्वाह गर्न सक्ने अवस्था देखिदैन नीतिको दफा ७ मा गरिएको "राष्ट्रिय विज्ञान तथा प्रविधि परिषद्को" गठन र सम्पादन गर्ने भनी तोकिएको कार्यहरुले भने केही हदसम्म दायित्व निर्वाह गर्न सक्ने दायरा खोलेको छ। प्रस्तुत अवधिमा यो परिषदको वैठक २०६१ देखि २०७२ सम्ममा जम्मा २ पटक मिति २०६२।९।२८ मा र मिति २०६८।११।२८ मा वसेको देखिन्छ । मन्त्रालयमा रहेको कागजात व्यवस्थापन र संस्थागत स्मरणको दयनीय अवस्थाका कारण उक्त दुवै वैठकमा निर्णय पुस्तिका परीक्षणको समयमा मन्त्रालयले उपलब्ध गराउन सकेन तर वैठकको अन्य कागजातका उल्लेखित निर्णयका आधारमा  परीक्षण गर्दा कुनै महत्वपूर्ण निर्णय गरिएको पनि छैन र सम्वद्ध निकायबाट उपयुक्त प्रतिनिधित्व पनि भएको छैन यसलाई उचित समन्वयको वातावरण रहेको भन्न सकिएन । मन्त्रालय गठन भए देखि यस मन्त्रालयले स्वतन्त्र मन्त्रीको नेतृत्व पाउने अवसर धेरै कम पाएको हो र प्रधानमन्त्रीनै नेतृत्व गरिने गरेको देखिन्छ । तर महत्व प्रधानमन्त्रीबाट भयो भन्ने कुरा विचारणीय नै छ । समयको सिमाले हो वा प्राथमिकताको विषयले हो यो परिषद्को अर्थपूर्ण वैठक हुन नसक्दा समन्वयको काम प्रभावकारी भएको देखिएन ।

कार्यगत जिम्मवारी निर्वाह गर्न को निमित्त नीतिगत व्यवस्थाले मात्र नपुग्ने कुरा सरकारका  अन्य कार्यबाट पनि देखिन्छ र यस्का लागि कानून प्रावधानको आवश्यकता पर्दछ र विज्ञान तथा प्रविधि कानूनको निर्माणको थालनी यो अवधिमा भएको छैन।

## २.५ नीतिमा उल्लेखित प्रमुख विषयहरुको उपलब्धिहरु र कमी

विज्ञान तथा प्रविधि नीति २०६१ ले यस क्षेत्रको दुरदृष्टि (vision) लक्ष्य तथा उद्देश्य (Goal and Objectives) हरु निर्धारण गरी त्यसलाई प्राप्त गर्ने रणनीति तथा कार्यनीतिहरुको अतिरिक्त केही संरचनागत व्यवस्था स्थापना गर्ने क्रियाकलापकार्यान्वयनको परिकल्पना गरेको छ। प्रस्तुत बुँदामा नीतिले निर्धारण गरेको संस्थागत व्यवस्थाहरु र त्यसको क्रियाशिलता तथा संचालन गर्ने भविष्यमा क्रियाकलापहरुको कार्यान्वयनको अवस्थाको समिक्षा र विश्लेषण गरिनेछ । यसैबाट नीतिको उपलब्धिको अवस्थाको पहिचान हुन सक्छ ।

### क नीतिगत व्यवस्था

विज्ञान तथा प्रविधि नीति, २०६१ लाई प्रभावकारी कार्यान्वयनका लागि दीर्घकालिन तथा अल्पकालिन अवधारणा तयार गरी सोही आधारमा आवधिक वार्षिक योजना तर्जुमा कार्यान्वयन तथा मूल्यांकन प्रभावकारी वनाउने कुरा व्यवस्था गरेको छ। तर नीति कार्यान्वयनको जिम्मेवार निकायहरु कतै पनि यस्तो अल्पकालिन तथा दीर्घकालिन अवधारणा वनेको छैन र आवधिक कार्यक्रम तदर्थकारी रहेको देखिन्छ ।

विश्वविद्यालय अनुदान आयोग लगायत विश्वविद्यालयहरुसंग समन्वय गरी विज्ञान विषयको समयानुकुल गुणस्तर सुधार गरी यस क्षेत्रमा उच्चस्तरीय जनशक्ति उत्पादन गर्ने भनिएकोमा सरकारको तर्फबाट खासै कुनै पहल प्रतिनिधित्व र प्रयासको थालनी भएको जानकारी छैन, सरकारी सेवामा विज्ञान तथा प्रविधि सम्वन्धि छुट्टै सेवाको व्यवस्था गर्ने कुरामा कुनै कुनै आवधिक योजनामा उल्लेख गरिएको छ तर कुनै प्रगति भएको छैन । त्यसैगरी युवा वैज्ञानिकहरुलाई विज्ञान र प्रविधि अध्ययन लागि अवसर र वृत्ति विकासका लागि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान तथा वि पि कोइराला प्लानेटोरियम अव्जरभेटरी तथा विज्ञान संग्राहालय बाट केही काम को सुरुवात गरिएता पनि वैज्ञानिक प्रतिभा पलाएन रोक्ने सम्वन्धमा उपयुक्त अवधारण बनाई कार्यान्वनयमा ल्याइएको छैन । विज्ञान तथा प्रविधिमा हुने अनुसन्धान तथा निकायलाई एकिकृत गरी त्यसलाई राष्ट्रिय उद्देश्य अनुरुप परिचालन गर्ने सम्वन्धमा कुनै नीतिगत संस्थागत अवधारणा बनी कार्यान्वयनमा ल्याइएको छैन । संस्थाहरुले गर्ने अनुसन्धान र विकासमा कुनै क्षेत्रमा दोहोरोपन र कुनै अति आवश्यक क्षेत्रमा कुनै पनि अनुसन्धान पनि हुन सकेको छैन र यस्तो अनुसन्धानहरुको एकिकृत दस्तावेजिकरण पनि गरिएको छैन र कसले गर्ने सम्वन्धमा पनि प्रष्टता छैन ।

अनुसन्धान र विकासमा सरकारी निजी साझेदारीको अवस्था जति हुन्छ त्यति नै यो क्षेत्रको उपलब्धिलाई प्रभावकारी रुपमा उपयोग हुन जान्छ तर नीतिमा जसरी निजी प्राज्ञिक साझेदारी प्रावधान राखिएतापनि कुनै किमिमको संयन्त्र वनेको र कार्यान्वयन भएको छैन । विदेशबाट विज्ञान प्रविधि क्षेत्रमा नेपाल अध्ययन अनुसन्धान गर्न आउदा नेपालबाट स्वीकृत लिने र नेपाली सम्वन्धित वैज्ञानिकलाई समावेश गराउने भन्ने प्रावधानका सम्वन्धमा पनि कार्यान्वयन हुन नसक्नु मात्र होइन यो कार्य कुन निकायबाट हुने भन्ने सम्वन्धमा पनि कानूनी र नीतिगत स्पष्टता छैन ।

## ख संस्थागत व्यवस्था

नीतिमा एउटा उच्चस्तरीय "राष्ट्रिय विज्ञान तथा प्रविधि परिषद्" गठन गर्ने प्रावधान रहेको छ र यसमा क्षेत्रगत र सम्वद्ध संस्थागत प्रतिनिधित्व रहने प्रवधान पनि छ ।यो परिषद् गठन गरिएको पनि छ । २०६१ साल देखि हालसम्म २०७४ सम्म जम्मा २ पटक परिषद्को वैठक वसेको छ । तर महत्वपूर्ण र अर्थपूर्ण निर्णय पनि छैन र सामान्य निर्णय भएकोमा कार्यान्वयन भएको छैन । प्रथम वैठक २०६३।९।२८ मार दोश्रो वैठक २०६८।११।२८ मा वसेकोमा सो वैठकको माइन्यूट लगायतका कागजात विज्ञान तथा प्रविधि मन्त्रालयमा एकिकृत गरी राखिएको पाइएन । त्यसबाट पनि मन्त्रालयको नीति कार्यान्वयन प्रतिको संवेदनशिलता प्रष्ट हुन्छ ।

त्यसै गरी "विज्ञान तथा प्रविधि विकास कोष" स्थापन गर्ने, केन्द्रीय दस्तावेज रहने केन्द्रीय पुस्तकालय खोल्ने, विज्ञान तथा प्रविधि सम्वन्धि सन्दर्भ प्रयोगशाला र केन्द्रीय प्रयोगशाला स्थापना गर्ने, प्रावधान रहेकोमा कुनै पनि कार्य व्यवस्थित योजनावद्ध ढंगले भए गरेको छैन । विज्ञान तथा प्रविधि नीति कार्यान्वयनका लागि विज्ञान तथा प्रविधि मन्त्रालयले सहजकर्ता प्रवर्द्धक र निर्णायक भूमिका निर्वाह गर्नेछ भनी नीतिमा उल्लेख भएतापनि के/कुन कार्य कस्ले कसरी गर्ने भन्ने सम्वन्धमा कुनै अवधारणा प्रक्रिया मार्गदर्शन बनाइएको र कार्यान्वयन भएको पनि छैन् ।

## ग कानूनी व्यवस्था

नीतिले नीति कार्यान्वनयको लागि आवश्यकतानुसार ऐन नियम र निर्देशिका बनाइनेछ भनिएकोमा यस नीतिको कार्यान्वयनको लागि कुनै कानुनी दस्तावेज तयार गरेको छैन । राष्ट्रिय विज्ञान तथा प्रज्ञा प्रतिष्ठान ऐन यो नीति आउनु अघि नै आएको र प्रतिष्ठानले स्वतन्त्र किसिमले ऐनमा उल्लेखित कार्य सम्पादन गर्दै आएको छ। नीतिले विज्ञान प्रविधिको अनुसन्धान र विकासका लागि वैद्धिक सम्पत्ति संरक्षण कानून बनाइने भनिएकोमा हाल सम्म पनि यस्तो कानून बनि विज्ञान प्रविधिसंग सम्वन्धित वौद्धिक सम्पत्तिको संरक्षण हुने कुराको प्रत्याभूत हुने अवस्था छैन । नेपाल विज्ञान तथा प्रविधिको क्षेत्रमा विदेशीहरुले अनुसन्धान अन्वेषण वा अध्ययन गर्न नेपालको कुन निकायबाट स्वीकृति सहमति लिनुपर्ने हो र त्यस्का शर्तहरु के हुनेछन् तथा यि संस्थाहरु दर्ता गर्ने निकाय र सहमति शर्त सम्वन्धमा नीतिगत र कानुनी रुपमा स्पष्टता कतै बाट भएको छैन । नेपालमा विभिन्न

संस्थाले गरेको वैज्ञानिक अनुसन्धान भनि अनगिन्ति प्रतिवेदन आफ्नो स्वार्थ अनुकुल प्रसार गर्ने गरेकोमा नेपालमा कानून र नीतिगत अस्पष्टताका कारण मुक दर्शक मात्र वन्न पुगेको छ ।

## घ प्रवर्द्धनात्मक व्यवस्था

विज्ञान तथा प्रविधि नीति, २०६१ ले गरेको प्रावधान अनुसार विज्ञान तथा प्रविधि क्षेत्रमा अनुसन्धान र विकास गर्ने संघ सस्था एवं वैज्ञानिक र प्राविधिकलाई कदर र पुरस्कृत गर्ने भन्ने प्रावधान रहेकोमा राष्ट्रिय विज्ञान प्रविधि प्रज्ञा प्रतिष्ठानले केही वैज्ञानिकहरुलाई वार्षिक रुपमा पुरस्कार दिने बाहेक संघ संस्थाको पहिचान गरी वृहत्तर रुपमा अनुसन्धान र विकासको वातावरण सृजना गरेको महसुस छैन । नीतिमा प्रतिस्पर्धी अनुसन्धान पद्धति वसाल्ने जस्ता कुराहरुको व्यवस्था गरिएकोमा कुनै कार्य भएको छैन।

युवा वैज्ञानिकहरुलाई वैज्ञानिक र प्राविधिक अनुसन्धान अन्वेषण र विकासका लागि उपयुक्त वातावरण सहयोग तथा वृत्ति विकासको अवसर दिइने कुरा नीतिमा उल्लेख भएतापनि कार्य रुपमा कुनै कार्य भएको छैन् । यस्का अतिरिक्त प्रतिभा पलायनलाई रोक्ने किसिमको कुनै अर्थपूर्ण क्रियाकलाप संचालनमा आएको छैन ।

## ङ समन्वयात्मक कार्य व्यवस्था

नीति अनुसार श्रोत र साधनको अधिकत्तम उपयोग गर्दै कृषि, वन, जलश्रोत शिक्षा, स्वास्थ्य, उद्योग, वातावरण, सूचना प्रविधि, इन्जिनियरिङ्ग, जैविक प्रविधि, अन्तरीक्ष प्रविधि, परमाणु विज्ञान, खगोल विज्ञानको क्षेत्रमा हुने अध्ययन अनुसन्धान एवं प्रभावकारी रुपमा संचालन गरिने छ भनिएको छ तर यस्तो क्षेत्रमा के भएका छन ? कति के विषयमा अध्ययन अनुसन्धान भएका छन् र त्यसको समन्वय कुन निकायले कसरी गरेको छ र त्यस्को अभिलेखिकरण र दस्तावेजीकरण कहि कतैबाट भएको छैन ।

विभिन्न सरकारी तथा स्वायत्त क्षेत्रगत निकायहरुले आफ्नो रणनीति तथा कार्यनीति बनाई अनुसन्धान र विकास को कार्य गर्दा समन्वयात्मक रुपले गरिने प्रावधान नीतिमा छ तर त्यसको समन्वयको जिम्मेवार निकाय विज्ञान तथा प्रविधि मन्त्रालयबाट यो कार्य सम्पादन भएको छैन ।

माथि उल्लेखित पाँच वटा क्षेत्रगत व्यवस्थाको आधारमा नै विज्ञान तथा प्रविधि नीतिले परिलक्षित गरेको लक्ष्य तथा  उद्देश्य दुरदृष्टि र समुध विज्ञान तथा प्रविधि क्षेत्रको विकास र सवृद्धिको अवस्था सृजना गर्ने हो । यस अवस्थालाइ हेर्दा नीतिले भनेका कुनै पनि रणनीति र कार्यनीतिलाई सम्वन्धित निकायहरुले ग्रहण गरी कार्यान्वयनमा ल्याएका छैनन् ।

## २.६ नीति कार्यान्वयनको कार्ययोजना

यो नीतिको कार्यान्वयनको मुख्य बुँदाको रुपमा नीतिको बुँदा न ५१ मा उल्लेख भए अनुसार विज्ञान तथा प्रविधिको अल्पकालिन तथा दीर्घकालिन अवधारण तयार गरी सो को आधारमा उल्लेख छ । योजना तर्जुमा कार्यान्वनय तथा मूल्यांकनको प्रभावकारी व्यवस्था गरिने भन्ने प्रष्ट हुन्छ  ।यस बुँदा अनुसार यी नीति कार्यान्वयन गर्न सर्वप्रथम अवधारणा पत्रको अपेक्षा र महत्वलाई स्पष्ट गरेको देखिन्छ नै ।  यो अवधारणा विभिन्न निकायहरुको संलग्नता र समन्वयमा विज्ञान तथा प्रविधि मन्त्रालय र राष्ट्रिय योजना आयोगले गर्नु पर्ने हो र यसै अवधारणा पत्रको आधारमा सम्वन्धित निकाय र मन्त्रालय एवं राष्ट्रिय योजना आयोगले आवधिक योजना र वार्षिक कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्ने हो । तर अवधारणा पत्र तयार नगरिई योजना तथा कार्यक्रम तदर्थ किसिमले हुने र नीतिलाई आधार नमानिदा नीतिसंग सामन्जस्य भएको देखिदैन । अवधारणापत्र तयार गरिएपछि सो आधारमा कार्ययोजना बनाई समन्वयात्मक किसिमले कार्यान्वयन गर्नुपर्नेमा कार्ययोजना पनि बनाइएको नहुँदा नीतिको कार्यान्वयन प्रभावकारी रुपमा हुन सकेको छैन ।

## २.७ समग्रमा नीति प्रभावकारीताको अवस्था

नीतिको प्रभावकारी अध्ययन गर्दा शैक्षिक सिद्धान्तले अंगिकार गरेका सिद्धान्तहरुलाई ध्यानमा राखि गरिने सिलसिलमा नीति निर्माणको आवश्यकता र नीति निर्माणको परिस्थिती विश्लेषण नीतिले प्रष्ट गरेका दृष्टिकोण दुरदृष्टि तथा क्रियाकलपाहरुको स्पष्ट व्याख्या र प्राप्त गर्न सक्ने वातावरण श्रोत र अवस्था नीति कार्यान्वयनको वातावरण संस्थागत संरचनागत व्यवस्था कानून निर्देशिकाको निर्माण कार्यान्वयनसंग सम्वन्धित अन्तर निकाय समन्वय व्यवस्था र संचालनको अवस्था कार्यान्वयन कार्यनीति आवधिक वार्षिक योजनामा नीतिको प्रतिविम्व र समग्रमा नीतिले भनेको कुरा प्राप्त भए नभएको सम्वन्धमा विश्लेषण साधन श्रोतको प्रर्याप्तता र देखिएका कमिकमजोरी सम्वन्धमा विश्लेषण गरी निष्कर्ष निकालिनु पर्ने हुन्छ । यसरी समग्रमा हेर्दा विज्ञान

तथा प्रविधि नीति २०६१ लाई सफल कार्यान्वयन हुन सकेको नीतिको रुपमा लिन नसकिने कुरा माथिका बुँदाहरुबाट प्रष्ट भएको छ ।

माथि सम्वद्ध परिच्छेदहरुमा उल्लेख गरिएझै यो नीतिको स्वामित्व ग्रहण गर्ने निकायनै सरकारको राष्ट्रिय प्राथमिकतामा नपरेको र साधन श्रोत मार्गदर्शन तथा अनुगमनमा पनि प्राथमिकतामा नपरेको कारणले यो नीतिको प्रभाव अपेक्षित रुपमा कार्यान्वयन प्राथमिकतामा पर्न सकेको छैन र यस्का समस्या र चुनौती वेग्लै परिच्छेदमै छलफल गरिएको छ । समग्रमा नेपाल सरकारले कार्यान्वयनमा ल्याएको नीतिहरु मध्य कम प्रभावकारी नीतिमा यो नीति पर्दछ ।

## २.८ नीति निरन्तरताको सान्दर्भिकता र परिमार्जनको आवश्यकता

हाल कार्यान्वयनमा रहेको विज्ञान तथा प्रविधि नीति कार्यान्विनयमा देखापरेका समस्या यस्को स्पष्ट द्दष्टिकोण यसको स्वामित्व लिने संस्थागत व्यवस्था तथा राष्ट्रले अंगिकार गरेका अन्य नीति र क्रियाकलापसंगको संयोजनलाई द्दष्टिगत गरी यो नीतिमा व्यापक परिवर्तन र परिमार्जन गरिनु आवश्यक छ । यो नीति हालकै स्वरुपमा कार्यान्वयन प्रभावकारी नहुनुको अतिरिक्त राष्ट्रिय प्राथमिकता तथा राज्य स्वरुप, संस्थागत व्यवस्था क्षमताका आधारमा पुन लेखनको आवश्यकता प्रष्ट देखिन्छ । विज्ञान तथा प्रविधि मन्त्रालयबाट यो नीति परिमार्जन को सुरुवात गरी सकिएको पनि जानकारी प्राप्त भएको छ ।

निम्न लिखित कारणले यो विज्ञान तथा प्रविधि नीतिलाई परिमार्जनका पुनलेखन गर्नु आवश्यक देखिन्छ ।

१ विज्ञान तथा प्रविधिको क्षेत्रमा २०६१ साल पछि विश्वमा ठुलो परिवर्तन भै सकेको परिपेक्ष्यमा तर अनुरुप राष्ट्रिय विज्ञान प्रविधि नीतिको तयार गर्नु पर्ने

२ राष्ट्रिय परिप्रेक्ष्यमा पनि नयाँ विषयहरु (आणविक विषय, आन्तरीक्ष विषय, नानो विषय तथा जैविक विविधता वैकल्पिक नविकरणीय उर्जा तथा उपयुक्त स्थानीय मौलिक प्रविधि विकास विषय) सन्दर्भमा पनि नीतिले मार्गनिर्देश गर्नुपर्ने हुँदा पनि नयाँ नीतिको आवश्यकता छ ।

३ विद्यमान नीतिका निर्माण कमजोरी कार्यान्वयन र समन्वयात्मक कमजोरी र संस्थागत कमजोरीलाई समेत सम्वोधन गरिनुपर्ने राष्ट्रिय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको र

विज्ञान तथा प्रविधि मन्त्रालयको भूमिका र दायित्व स्पष्ट गरी दोहोरो पन हटाउन जरुरी देखिन्छ ।

४ विज्ञान प्रविधिको उच्चस्तरीय संयन्त्र प्रभावकारी बनाउन यसको दायित्व तथा भूमिकालाई क्रियाशीलताका लागि उपयुक्त कार्यकारी निकाय श्रोत र अधिकार सम्पन्न बनाउनु पर्ने

५ नीतिको कार्यान्वयनको लागि कानूनको आवश्यकता पर्ने र त्यसको कानुन नीतिद्वारा निर्दिष्ट हुने हुँदा समय सापेक्ष नीति आवश्यकता महसुस गरिएको छ ।

६ यो नीति अप्रभावकारी हुनुका कारण प्रस्तुत अध्ययन बाट प्रष्ट हुने हुँदा सम्वद्ध निकायहरु विच छलफल गरी सानो कार्यदल निर्माण गरी नीतिको परिमार्जन वा पुर्नलेखन गर्न उपयुक्त हुन्छ ।

# परिच्छेद तीन

## ३.१ नीति कार्यान्वयमा देखा परेका बाधा तथा समस्याहरु

क नीति निर्माणको क्रममा समस्याः सर्वप्रथम तत्कालिन शाही नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान खडा भइ विज्ञान प्रविधिको अध्ययन अनुसन्धानको थालनी २०३९ मसिर बाट भएको हो । सम्वत् २०५३ सालमासरकारले विज्ञान तथा प्रविधि क्षेत्रलाई विकास गर्ने लक्ष्यले विज्ञान तथा प्रविधि मन्त्रालयको गठन गरेको हो । मिति २०६१ सालमा यो नीति सरकाले बनायो तर नीति निर्माण गर्ने सम्वद्ध निकायको पहिचान, हाल यस क्षेत्रमा कार्यरत रहेको संस्था र कार्यसम्पादन स्थिति, के कति कमजोरी थिए त्यस्को मूल्याँकन गर्नुपर्ने थियो । एकातिर नाष्ट आफै विज्ञान तथा प्रविधि क्षेत्रको स्वशासित संस्थाको रुपमा कार्यरत थियो अर्को तिर मन्त्रालय बन्यो र यी दुई वीच कार्यक्रम संस्थागत समन्वय र नीतिको विस्तृतीकरण गरी कार्यान्वयन गर्ने अवस्था पनि रहेन । यि दुई निकाय विच, अद्दश्य विच, अद्दश्य असहमतिहरुनै रहेको पाइयो ।

ख नाष्ट लगायत देशमा रहेका अन्य अनुसन्धान अध्ययन निकायहरु नीतिक्षेत्र तथा नीति कार्यान्वयन सम्वद्ध निकायहरुको संलग्नता र अन्तर्क्रिया नगरी नीति तयार गर्ने कार्य भएको हुँद सम्वद्ध पक्षहरु र कार्यान्वयन गर्ने निकायहरु जस्तो विश्वविद्यालय, नार्क आदिले नीति प्रति अपनत्व ग्रहण गर्न नसक्नु समस्या कै रुपमा देखिन्छ।

ग नीति तर्जुमा गरेर मात्र पुग्दैन। निति कार्यान्वयनको लागि आवश्यक श्रोत विद्यमान जनशक्ति र कार्यान्वनय गर्न संस्थागत व्यवस्था र आवश्यकताको सही मूल्याकन गरी आवश्यक व्याख्य र व्यवस्था हुन पर्नेमा त्यस्तो विश्लेषण भएको महसुस भएन । तसर्थ यो पनि समस्याको रुपमा रहेको छ ।

घ नीति कार्यान्वयनको लागि नीतिगत रुपमै नीति कार्ययोजनाका साथे कानूनी व्यवस्था सहितको समुच्च द्दष्टिकोण राखेको अनुभूत भएन ।

**सरकारको प्रतिवद्धता र प्राथमिकता**

क	सरकारले नीति निर्माण गर्दैमा त्यो क्षेत्रको स्वस्फुर्त रुपमा विकास भैहाल्ने भन्ने होइन ।यस्का लागि सरकारको त्यस क्षेत्र प्रतिको दृष्टिकोण प्रतिवद्धता तथा प्राथमिकता पनि महत्वपूर्ण कुरा हो । देखासिखीमा वा कसैको करकापमा नीति बनाउने तर कार्यान्वयन इच्छाशक्ति र प्रतिवद्धता नभएपछि यसका विषय सरकारको प्राथमिकतामा पर्ने कुरा भएन । यस नीति मात्र होइन विज्ञान तथा प्रविधिको क्षेत्र समुच्चमा सरकारको प्राथमिकतामै पर्न नसकेको कुरा यसलाई छुट्टाइएको बजेट खटाइएको कर्मचारी तथा राजनैतिक दृष्टिकोणबाट अनभूत हुन्छ । नाष्ट वि पि कोइराला प्लानेटोरियम अवेजरभेटरी जस्ता संस्था पनि जड र पुरातन प्रवृत्तिमै रुमलिएको अवस्थामा छ र यस्लाई सुधार गर्न कसैको कदम वढेको छैन ।

ख	यो मन्त्रालयको गठन, स्थानान्तरण, स्वतन्त्र प्रभागको रुपमा मन्त्रीको कार्यभार, अवस्थाबाट पनि यस क्षेत्र प्राथमिकतामा नपरेकै अनुभूति हुन्छ । एउट मन्त्रालय छुटिने जोडिने हुँदा पनि कार्यक्रमको र दृष्टिकोणको निरन्तरता र संस्थागत स्मरणको अवस्था ज्यादै कमजोर हुन्छ जनु हाल विज्ञान प्रविधि मन्त्रालयले भोगिरहेको छ ।

ग	सरकारको प्राथमिकतामा नपरेको कुरा बजेट वाँडफाँडबाट पनि देखिन्छ ।

घ	विज्ञान तथा प्रविधि समुच्च गठन गर्ने दृष्टिकोण नीतिले राखे पनि यो समूह गठन हुन सकेन । उच्चतहमा पदस्थापन भएका देखि तलका तहमा कार्यरत कर्मचारीको प्राथमिकतामा यो मन्त्रालय परेको देखिदैन । यो मन्त्रालयको कार्य प्रकृति हेर्दा विज्ञान तथा प्रविधि र सूचना प्रविधिमा कर्मचारी वाहुल्यता हुनु पर्नेमा प्रशासन सेवाका फालिएका मानसिकता वा काठमाडौं वस्न सुविधा युक्त भएकाहरुको वाहुल्यताका कारण कार्यरतको मनोवल र उत्प्रेरणा विचारणीय नै रहेको देखिन्छ ।

ङ	विज्ञान तथा प्रविधि मन्त्रालय यो नीति कार्यान्वयनको प्रमुख निकाय हो तर नीतिले देखाएका कुरा र कार्यक्रम भन्दा श्रोत र अवसर भएकाहरुको अन्य कार्यका कार्यमा रुमलिएर रहेको देखिन्छ ।

**<u>संस्थागत समन्वय</u>**

क "नाष्ट", "नार्क", विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालयहरु अनुसन्धान र अध्ययनमा संलग्न नीजि क्षेत्र जसको भूमिका नीति कार्यान्वयनमा अहम रहन्छ संगको संस्थागत समन्वय भएको देखिदैन ।

नीतिमा उल्लेख भए अनुसारको उच्च समितिको वैठक पनि राम्री हुन् नसक्नु र भएको वैठकमा पनि महत्वपूर्ण र अर्थपूर्ण एजेण्डा र निर्णय हुन नसक्नु अर्को समस्याको रुपमा रहेको छ ।

ख मन्त्रालयको आफ्नो कार्यान्वयन गर्ने विभाग छैन । यस अन्तर्गत स्वायत्त निकायहरु छन् तिनीहरु आफैको कार्य प्रगति तर्फ हेर्दा समन्वयमा कार्य हुने अवस्था भने देखिदैन ।

ग राष्ट्रिय नीतिको आधारमा आवधिक योजना निर्माण तया श्रोतको सहि वाँडफाड गर्ने र त्यसैका आधारमा वार्षिक कार्यक्रम तयार गर्ने कार्यको विगत वर्षहरुमा (हाल परिवर्तन भएको) राष्ट्रिय योजना आयोगले समन्वय गर्नु पर्नमा त्यस्तो गरिएको अनुभूत भएन । नीति एउटा रेखावाट जाने र आवधिक योजना अर्को बाटोबाट जाने गरेको पाइयो ।

घ नीति कार्यान्वयनको प्रमुख औजार भनेको कानून हो । यस नीतिले पनि कानूनहरु दस्तावेजहरु तयार गर्नु पर्ने कुरा उल्लेख गरेको थियो । तर हाल सम्म यस सम्वद्ध न कुनै योजना र कार्यान्वनय अवधारणा वन्यो न कुनै कानुन वा निर्देशिका वा आदेश आयो । कतिपय कुराहरु आदेशबाट कार्यान्वयन हुन सक्ने उदाहरणका लागि नेपालमा विज्ञान र प्रविधिको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने विदेशी व्यक्ति वा संस्थाले मन्त्रालयबाट स्वीकृति लिने र त्यस्का प्रकृया एव नेपाली वैज्ञानिकको संलग्नताको लागि नियम वा आदेश द्वारा नियमित गराउन सकिन्थ्यो त्यस्तो दस्तावेज पनि बनाइएन ।

ङ मन्त्रालयको स्थायित्व (केवल टुक्रिने गाभिने क्रममा रह्यो) नहुँदा यस क्षेत्रमा भएका केही कामहरुलाई पनि एकिकृत रुपमा दस्तावेजिकरण गरिएको पनि छैन र रेकर्ड पनि छैन । यही परिक्षणको सिलसिलामा वार्षिक कार्य प्रगति र उच्चस्तरीय परिषद्को निर्णयपुस्तिका समेत मन्त्रालयबाट उपलब्ध गराउन सकेका छैनन ।

## ३.२ **नीति परीक्षणको निष्कर्षः-**

नीति निर्माण भै कार्यान्वयनमा आएपछि नीतिले प्राप्त गर्न खोजेको लक्ष्य प्राप्त भएन, प्रक्रिया ठिक छन् छैन आदीको सम्वन्धमा नियमित परीक्षण गरिनु पर्छ र सरकारले पनि नीति परिक्षण गर्ने एउटा केन्द्रीय संयन्त्र बनाउनु पर्छ । समग्र नितिहरुको कार्यान्वियन को मूल्यांकनबाट राष्ट्रको हिडाइ र गति एकिन गर्न सकिन्छ । तसर्थ यो नीति कार्यान्वनयमा आएको १२ वर्ष पछी परिक्षण गरिनु सान्दर्भिक छ । तर नियमित र स्थायि संयन्त्रबाट नभइ तदर्थ रुपमा हुन हुदैन ।

प्रस्तुत विज्ञान तथा प्रविधि नीति, २०६१ को परिक्षणको सन्दर्भमा भन्ने हो भने नीतिको प्रमुख जिम्मेवार निकाय विज्ञान तथा प्रविधि मन्त्रालयको भूमिका निरासाजनक नै देखिन्छ । कार्यान्वयन समन्वयकारी तथा सहजकारी भूमिका कुनै पनि निर्वाह गर्न सकेको र इच्छुक रहेको पनि देखिएन् । विज्ञान प्रविधि नीति कार्यान्वयनको अवधारण कार्यान्वयन कार्यनीति मात्र बनेको भएपनि एउटा निश्चित दिशामा जाने थियो र कार्यान्वयन संलग्न निकायको भुमिका प्रष्ट हुने थियो । यो हुन सकेको छैन । सरकारीको प्राथमिकता यो क्षेत्र परेको पनि छैन र अव प्रस्ततु नीतिको सान्दर्भिकता (खासमा विषय Content) को पनि परिमार्जन वा पुर्नलेखन हुनु जरुरी छ । नीतिको ढाँचागत रुपमा पूर्णता दिइनु पर्छ । नीति निर्माण गर्दा सम्वद्ध निकाय र नीजि क्षेत्र संगको सहकार्यमा उनिहरुले समेत स्वामित्व ग्रहण गर्ने किसिमले तयार गरिनु पर्छ र नीतिमा अमूर्त नभइ गर्न र हुनु सक्ने कुरालाई मात्र समेटने किसिमको हुनु पर्छ ।

यो नीति कार्यान्वयनको द्दष्टिले विफल कित्तामा पर्ने र यस्को पाठ सिकेर नयाँ नीति तयार गर्न जरुरी छ ।

## ३.३ सुझावहरु

प्रस्तुत नीति परिक्षण पश्चात निम्नानुसार सुझावहरु प्रस्तुत गरिएको छः-

क. हालको देशको राजनैतिक र ढाँचागत हिसावले तथा विषय वस्तु प्राथमिकता तथा राष्ट्रिय आवश्यकतालाई ध्यानमा राखिको नीतिलाई प्रतिस्थापन गरिनु पर्छ ।

ख. नीति निर्माणका साथ साथै यस्को कार्यान्वयनको लागि कानून व्यवस्था (ऐन बनाउने) संस्थागत स्पष्ट भूमिकागत व्यवस्था, कार्यान्वयनको लागि आवश्यक श्रोतको व्यवस्था हुनु पर्छ ।

ग. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐनलाई परिमार्जन गरिनु पर्छ वा वेग्लै विज्ञान प्रविधि छाता ऐनको अन्तर्गत परिमार्जन गरिनु पर्छ ।

घ. विश्व परिवेशमा विज्ञान तथा प्रविधिको क्षेत्रमा देखापरेका परिवर्तन र विकर्सित प्रविधिसंगआत्मासात गर्नु एकातिर जरुरी छ भने अर्को तिर देशमा विद्यमान उपयुक्त र मौलिक प्रविधिको पनि जगेर्ना गर्नुछ यी दुवै कुराको सन्तुलन हुने गरी नयाँ नीति निर्माण गर्नु पर्छ ।

ङ. नयाँ नीति निर्माण गर्दा प्राथमिकता, राष्ट्रिय आवश्यकता साथै राष्ट्रिय सामर्थ्यलाई ध्यानमा राखि तर्जुमा गरिनु पर्छ ।

अन्तमा विज्ञान तथा प्रविधि नीति आएपछि विज्ञान तथा प्रविधिको क्षेत्रमा आएको राष्ट्रिय चेतना, मौलिक, भौतिक प्रविधि र अन्तर्राष्ट्रिय स्तरमा द्रुत्तर गतिमा यस क्षेत्रमा भएको प्रगतिलाई केही मात्रामा भएपनि नेपालले ग्रहण गरेको छ र राष्ट्रिय निस्कृयताको परिणाम नीतिले भनेका कुराहरु भने ज्यादै कम मात्र लागु हुन सकेको छ ।